## विशेष इजलास

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको रिट नं. ००४१, उत्प्रेषण, *विकास त्वान्जु समेत नेपाल दूरसञ्चार कम्पनी लिमिटेड समेत*

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०६१ मा कम्पनीको सञ्चालक समितिले विनियम १७(क) को व्यवस्था थप गरी एकपटकको लागि सीमित प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्ने भनी विनियमावलीको संशोधित व्यवस्थाले तत्कालीन संस्थानमा अस्थायी, ज्यालादारी वा करार जुनसुकै प्रकृतिको पदमा रही सेवा गरी कम्पनी स्थापना हुँदा समेत आफ्नो सेवालाई निरन्तरता दिई अविछिन्न रुपले काम गरेका कर्मचारीको हकमा विशेष व्यवस्था गरेको देखिँदा विनियमावलीको १७(क) को व्यवस्था थप गरी सेवामा रहेका त्यस्ता प्रकृतिका कर्मचारी सो प्रतियोगितात्मक परीक्षामा सामेल हुन पाउने गरी भएको विशेष व्यवस्था र सोबमोजिम भएको पदपूर्तिको विज्ञापनले निवेदकहरूको हकहितमा असर पारेको भन्न नमिल्ने ।

इजलास अधिकृत : पुनाराम खनाल
कम्प्युटर : सीता गुरुङ
इति संवत् २०६६ साल भदौ ११ गते रोज ५ शुभम् ।

## इजलास नं. १

१.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४ सालको दे.पु.नं. ०१९३, मोही नामसारी, *रामेश्वरप्रसाद साह कलवार वि. शेष मेहदी हुसेन*

बाबुले प्राप्त गरेको मोहीयानी हकको प्रमाण पत्रमा उल्लेख भएको मोहीयानी हकको समाप्ती कानूनले नगरेको अवस्थामा बाबुको नाउँमा रहेको मोही हकको जग्गा बाबुको मृत्युपछि नामसारी गरी लिन पाउने ।

इजलास अधिकृत : दीपक खरेल
इति संवत् २०६६ साल साउन १६ गते रोज ६ शुभम् ।
यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६४ सालको दे.पु.नं. ०४३४, मोही नामसारी, *हिब्जा खातुन वि. शेष मेहदी हुसेन*
- २०६४ सालको दे.पु.नं. ०१९४, मोही नामसारी, *शेष अवास वि. शेष मेहदी हुसेन*

२.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४ सालको दे.पु.नं. ०४१८, मोही लगत कट्टा, *बदलु तेली वि. रामलली बाहुनी*

गैरनेपाली व्यक्तिलाई जुन मितिदेखि नागरिकता प्राप्त हुन्छ सोहीदेखि नेपाली नागरिकको हैसियतले प्राप्त हुने अधिकार पनि सोही मितिबाट प्रारम्भ हुने हुँदा प्राप्त गरेको नेपाली नागरिकताको प्रमाण पत्र अंगिकृत भएकोले निजले जन्मसिद्ध वा वंशजको नाताले पाउने नागरिकसरह निजको कानूनी हक जन्मदेखि नै थियो भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : दीपक खरेल
इति संवत् २०६६ साल साउन १६ गते रोज ६ शुभम् ।

३.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६१ सालको दे.पु.नं. ९०८५, अंश दर्ता, *अनिरुद्र मण्डल समेत वि. सुकदेव मण्डल समेत*

वादी प्रतिवदीहरू जिम्मा वण्डा गर्नुपर्ने चलबाहेक पैत्रिक सम्पत्ति रहेभएको नदेखिएको तथा घरयासी अंश छोडपत्रको लिखत साँचो सद्दे भई चल सम्पत्ति लिई वादीका बाबुले अंश छोडपत्र गरी छुट्टि अलग भिन्न रहेको अवस्था देखिँदा अंश पाउने नदेखिने ।

इजलास अधिकृत : दीपक खरेल
इति संवत् २०६६ साल असार १७ रोज ४ शुभम् ।

४.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६१ सालको दे.पु.नं. ९६७१, अंश दर्ता, *जगतमणिदास कर्ण समेत वि. उमादेवी दास कर्ण समेत*

पक्ष विपक्ष बीच भएको मिति २०१७।७।२ को लिखत वण्डापत्रको लिखत नभए पनि सो लिखतको आधारमा जग्गा दाखिल दर्ता भई आएको देखिन्छ । यी वादी प्रतिवादीहरूले निजी आर्जनको भनी आ-आफ्ना नाउँमा विभिन्न व्यक्तिहरूबाट जग्गा खरीद गरी लिएको समेत देखिएकोले व्यवहार प्रमाण तथा मिति २०१७।७।२ को लिखत समेतबाट घरसारमा अंशवण्डा भई अलग भिन्न भई आ-आफ्नो खतिउपति गरी आएको देखिएको र उक्त व्यवहार प्रमाणलाई अंशवण्डाको ३० नं. को व्यवस्थाले समेत समर्थन गरेको अवस्था देखिने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ साल असार १७ रोज ४ शुभम् ।

५.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६२ सालको दे.पु.नं. ९५०१, अंश दर्ता, *कञ्चन साह समेत वि. देवशरण साह*

वादीलाई DNA परीक्षण गर्नका लागि उपस्थित हुन तोकिएकोमा निजलाई DNA परीक्षण गर्न तोकिएको मितिदेखि तारेख छोडी बसेको देखिँदा विवादको विषय अर्थात प्रतिवादी कञ्चन साहको छोरा हुँ भन्ने यी प्रत्यर्थी वादीले आफ्नो बाबु भनेको पुनरावेदक प्रतिवादी कञ्चन साहसँगको अनुवंशिक सम्बन्ध DNA परीक्षण गर्न तत्पर रही अदालत समेतलाई सहयोग गर्नुपर्नेमा उक्त परीक्षण गर्न तत्पर नभई तारेख नै छोडी उक्त वैज्ञानिक परीक्षणप्रति सशंकित रही आफ्नो प्रमाण खम्बिर गराउन समेत सकेको नदेखिँदा छोरा नाताको व्यक्ति भएको देखिन नआएबाट सगोलको अंशियार नहुँदा अंश पाउने अवस्था नदेखिने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ साल असार १७ रोज ४ शुभम् ।

६.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६२ सालको दे.पु.नं. ८३६७, अंश नामसारी, *चिनक केवट वि. सेढाई केवट*

१९९२ को फैसलाअनुसार प्रतिवादीका बाबुको अंश सर्वश्व भई उक्त फैसला कार्यान्वयन भएको भन्ने प्रतिवादीको जिकीर प्रमाणित हुने कुनै लिखत प्रमाण प्रतिवादीले पेश दाखिल गर्न सकेको अवस्था समेत देखिँदैन । पुनरावेदन अदालत बुटवलको मिति २०६१।१।२८ को आदेशानुसर अ.वं. १३३ नं. बमोजिमको कागज भएको र सो आदेशानुसार पेश हुन आएको स्रेस्ता हेर्दा वादीका नाउँमा थोरै जग्गा भएको र प्रतिवादी पार्वती केवटनीका नाममा नामसारी भै आएको पैत्रिक सम्पत्ति ज.वि. २-१८-१७ दर्ता कायम भएको देखिँदा अंशबण्डा भइसकेको भन्ने ठोस सबुद प्रमाणको अभावमा अंश जस्तो नैसर्गिक हक अधिकारबाट वादीलाई बञ्चित गर्न न्यायोचित नहुने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ साल असार १७ रोज ४ शुभम् ।

७.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०५८ सालको स.फौ.पु.नं.२५२८, जिउमास्ने बेच्ने, *नेपाल सरकार वि. सुदन सदरी समेत*

जाहेरवाली वीकुमारी र सीकुमारीले यिनै प्रतिवादीहरूले आफूलाई भारत बम्बई लगी बिक्री गरेको भनी मिति २०५२।१२।१२ मा जाहेरी दरखास्त दिई प्रतिवादीहरू उपर उक्त आरोपमा कारवाही चलेकोमा पुनः मिति २०५३।५।७ मा यिनै प्रतिवादीहरू समेतउपर फुलोदेवी उरावको जाहेरी परी मुद्दा चलेको अवस्था रहेको तथा यिनै प्रतिवादीहरू समेत उपर मिति २०५३।५।२१ मा एकुमारीको जाहेरी समेत परेको देखिएको र यी प्रतिवादीहरूले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानमा आफूहरू एक आपसमा मिली युवतीहरू भारत लगी बेची प्राप्त हुन आएको रकम समेत बाँडी खाने गरेको भनी बयान समेत

गरेको अवस्थामा यी प्रतिवादीहरू जीउ मास्ने कार्यमा संगठित हिसाबले लागी आफ्नो कारोवार बढाउन पटक-पटक उक्त कार्यमा संलग्न रहेको देखिँदा तथा अन्य परिस्थितिजन्य प्रमाणहरूले समेत उक्त वारदात पुष्टि भैरहेको स्थितिमा उल्लिखित कसूर अपराधमा जीउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐनको दफा ७(२) ले प्रमाणको भार प्रतिवादीले नै पुऱ्याउनु पर्ने व्यवस्था गरेको र प्रस्तुत कसूर अपराध (Strict Liability) अन्तर्गतको समेत भै प्रस्तुत वारदातमा प्रतिवादीहरूको कसूर अपराध स्थापित हुने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ साल असार १५ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०५८ सालको फौ.पु.नं. २४९६, जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि. संजय गुप्ता समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

## इजलास नं. २

१.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री तपबहादुर मगर,** २०६१ सालको फौ.पु.नं. ३११४, लुटपीट, *भीमराज यादव वि. सरधादेवी यादव*

व्यक्तिवादी भई चलेको लुटपीट मुद्दामा सरकारवादी अन्य मुद्दा जस्तो वारदातको दशी प्रमाण बरामद गरी त्यस्तो दशीबाट वारदात पुष्टि गर्दै जाने प्रश्न नआउने हुँदा यस्तो प्रकृतिको वारदात पुष्टि गर्ने विश्वासिलो आधारको रुपमा त्यस्तो घटनाको साक्षीले बकेको कुरालाई नै ग्रहण गर्नुपर्ने ।

इजलास अधिकृत : विदुर कोइराला

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल भदौ २५ गते रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री गौरी ढकाल,** २०६३ सालको दे.पु.नं. ८७९६, मोही नामसारी, *सीताराम राउत अहिर वि. रामानन्दप्रसाद साह तेली*

मोही नामसारीतर्फ दावी गरेको जग्गाको मोही लगत कट्टा हुने गरी भएको निर्णयलाई कुनै चुनौती नगरी स्वीकारी बस्ने र सो तथ्यलाई लुकाई प्रस्तुत मोही नामसारी मुद्दामा पुनरावेदन अदालतबाट भएको फैसलाउपर उपचार माग गरेको यी पुनरावेदक वादीको कार्य बिरोधाभाषपूर्ण देखिने ।

इजलास अधिकृत : विदुर कोइराला

कम्प्युटर : मुकुन्द विष्ट

इति संवत् २०६६ साल असोज २ गते रोज ६ शुभम् ।

- यसै लगाउको २०६४ सालको फौ.पु.नं. ०६०७, लुटपीट, *सीताराम राउत अहिर समेत वि. रामानन्द साह तेली* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

३.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५ सालको दे.पु.नं. CI- ०४९२, मरुवा मोही लगत कट्टा, *अलोपी थारु वि. बृजकिशोर साह तेली*

विवादको जग्गाको आधिकारिक मोही लालु चौधरी नै भएको पुष्टि भइरहेको, निज लालु चौधरीको मृत्यु भएको साथै निजको हकदारसमेत अन्य व्यक्ति कोही पनि नभएको भन्ने तथ्यमा विवाद नरहेको स्थितिमा निज लालु चौधरीको नाममा रहेको मोहीको लगत कट्टा हुने देखिने ।

इजलास अधिकृत : विदुर कोइराला

कम्प्युटर : मुकुन्द विष्ट

इति संवत् २०६६ साल भदौ १२ गते रोज ६ शुभम् ।

४.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको फौ.पु.नं. ३५३६, जालसाजी, *बबुन्ना तेली वि. पुदन तेली समेत*

शत प्रतिशत भूठो कार्यलाई दूषित मान्नुपर्ने हुन्छ । दूषित व्यवहार सदर हुन सक्दैन । सदर नहुने प्रकृतिको व्यवहारका हकमा हदम्याद नलाग्ने व्यवस्था लेनदेन व्यवहारको ४० नं. ले

गरेको छ । अ.वं. ३६ नं. को प्रबन्ध पनि यस्तै परिस्थितिका लागि भएको हो ।

नामसारी निर्णय नै दूषित एवं कानूनी मान्यताशून्य भइरहेको अवस्थामा त्यस्तो दूषित नामसारी निर्णयको आधारमा प्राप्त गरेको जग्गा अर्को कुनै व्यक्तिलाई हस्तान्तरण गरेकोमा त्यसबाट असर पर्ने व्यक्तिले भएगरेको मितिबाटै हदम्यादभित्र नालेस गर्नुपछ भनी व्याख्या गर्नु न्यायसंगत समेत नहुने ।

जीवित रहेका वादीलाई मरेको भनी गाउँ पञ्चायतबाट गराएको सिफारिश समेत जालसाज घोषित भइसकेको अवस्थामा त्यस्तो जालसाजपूर्ण सिफारिश एवं मृत्युदर्ता प्रमाणपत्रको आधारमा प्रतिवादी पुदन तेलीले वादीको समेत संयुक्त नाममा दर्ता भएको जग्गाहरू एकलौटी नामसारी निर्णय गरेको कार्य स्वतः दुषित देखिने ।

इजलास अधिकृत : विदुर कोइराला

कम्प्युटर : मुकुन्द विष्ट

इति संवत् २०६६ साल असार ८ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६० सालको फौ.पु.नं. ३५३९, जालसाजी, *बबुन्ना तेली वि. पुदन तेली समेत*
- २०६० सालको फौ.पु.नं. ३५४१, जालसाजी, *बबुन्ना तेली वि. पुदन तेली समेत*
- २०६० सालको फौ.पु.नं. ३५४२, जालसाजी, *बबुन्ना तेली वि. पुदन तेली समेत*
- २०६० सालको फौ.पु.नं. ३५४५, जालसाजी, *बबुन्ना तेली वि. पुदन तेली समेत*
- २०६० सालको फौ.पु.नं. ३५३७, जालसाजी, *बबुन्ना तेली वि. पुदन तेली समेत*
- २०६० सालको फौ.पु.नं. ३५४३, जालसाजी, *बबुन्ना तेली वि. पुदन तेली समेत*
- २०६० सालको फौ.पु.नं. ३५४४, जालसाजी, *बबुन्ना तेली वि. पुदन तेली समेत*
- २०६० सालको फौ.पु.नं. ३५४०, जालसाजी, *बबुन्ना तेली वि. पुदन तेली समेत*
- २०६० सालको फौ.पु.नं. ३५३८, जालसाजी, *बबुन्ना तेली वि. पुदन तेली समेत*
- २०६० सालको दे.पु.नं. ९६५३, लिखत दर्ता बदर, *बबुन्ना तेली वि. पुदन तेली समेत*
- २०६० सालको दे.पु.नं. ९६४४, लिखत दर्ता बदर, *बबुन्ना तेली वि. पुदन तेली समेत*
- २०६० सालको दे.पु.नं. ९६४५, लिखत दर्ता बदर, *बबुन्ना तेली वि. पुदन तेली समेत*
- २०६० सालको दे.पु.नं. ९६५२, लिखत दर्ता बदर, *बबुन्ना तेली वि. पुदन तेली समेत*
- २०६० सालको दे.पु.नं. ९६५०, लिखत दर्ता बदर, *बबुन्ना तेली वि. पुदन तेली समेत*
- २०६० सालको दे.पु.नं. ९६४७, लिखत दर्ता बदर, *बबुन्ना तेली वि. पुदन तेली समेत*
- २०६० सालको दे.पु.नं. ९६४९, लिखत दर्ता बदर, *बबुन्ना तेली वि. पुदन तेली समेत*
- २०६० सालको दे.पु.नं. ९६४६, लिखत दर्ता बदर, *बबुन्ना तेली वि. पुदन तेली समेत*
- २०६० सालको दे.पु.नं. ९६४८, लिखत दर्ता बदर, *बबुन्ना तेली वि. पुदन तेली समेत*
- २०६० सालको दे.पु.नं. ९६५१, लिखत दर्ता बदर, *बबुन्ना तेली वि. पुदन तेली समेत*

## इजलास नं. ३

१.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६५ सालको दे.पु.नं. ०३७२, जालसाजी, *सिहेश्वर दनुवार वि. सुकन सिँह दनुवार*

दावीका जग्गाहरू प्रतिवादीमध्येका सिहेश्वर दनुवारका नाममा भए पनि निजले आफूखुस गर्न पाउने एकलौटी हकको भन्ने नदेखिएको र आफ्नै नाताका व्यक्ति सालोलाई हक छाडी दिएकोमा निजले पुनः आफ्नै दिदीलाई हालैदेखिको वकसपत्र गरी हक छाडिदिएको कार्य

जालसाजीपूर्ण तरिकाले अन्य अंशियारको हकमा मार्ने उद्देश्यले भएको देखिने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल भदौ २ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसै अनुरूप निर्णय भएका छन् :

- २०६१ सालको दे.पु.नं. ८३९२, हक कायम वकसपत्र लिखत बदर, *सिहेश्वर दनुवार वि. हाही दनुवारनी*
- २०६५ सालको दे.पु.नं. ०३७१, लिखत दर्ता बदर दर्ता, *रामकुमारी दनुवारनी समेत वि. सुककन सिँह दनुवार*

२.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६० सालको दे.पु.नं. ९६७३, संस्था दर्ता खारेज, *भरतप्रसाद घिमिरे वि. अद्वैत संस्था संरक्षण मञ्च नेपाल*

अद्वैत संस्था संरक्षण मञ्च विधिवत्‌रुपमा दर्ता भएको कुरामा विवाद नभएको र तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(२)(ग) तथा नेपालको अन्तरिम संविधान २०६३ को धारा १२(३)(घ) ले संघ र संस्था खोल्ने स्वतन्त्रताको प्रत्याभूति गरिरहेको अवस्थामा विनाआधार कारण दर्ता खारेजी गर्नु संविधान र प्रचलित कानूनको प्रतिकूल देखिने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल भदौ २ गते रोज ३ शुभम् ।

३.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की**, २०६३ सालको विविध नं. ००१०, मुद्दा मध्यस्थ, *उमेशप्रसाद मैनाली वि. Impregilo S.P.A Viale Itali 1, 20099 seto san Giovanni (Italy) समेत*

नेपाल विद्युत प्राधिकरण र ठेकेदार कम्पनीबीच भएको करार सम्झौतामा कुनै पनि रुपमा संलग्न नभएको नेपाल सरकारलाई समेत विपक्षी बनाई अन्तर्राष्ट्रिय मध्यस्थ अदालत (International Court of Arbitration) समक्ष विवाद पुर्‍याउँदा Arbitral Tribunal मार्फत् विवादको समाधान गर्ने निर्णय भएकोमा Arbitral Tribunal ले नेपाल राज्यलाई प्रत्यर्थीको रुपमा नराखिने र क्षेत्राधिकार समेत नरहने भनी उल्लेख भएको पाइँदा प्रस्तुत निवेदनको दावीको सम्बन्धमा अरु थप विचार गरी रहन नपर्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल भदौ ४ गते रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की**, २०६३ सालको दे.पु.नं. ०३८७, लेनदेन, *मोफिल हुसेन वि. महिउद्दिन शेष*

विवादित लिखतमा २०५२ साल कात्तिक७ गते २ शुभम् भनी उल्लेख भएको र २०५२ को २ अङ्क १ बाट सच्याई २ बनाइएको भन्ने विशेषज्ञको राय तथा लिखतमा उल्लिखित २ रोज समेत २०५२ सालको क्यालेण्डरअनुसार कात्तिक७ गते मंगलबार परी रोज ३ हुने र २०५१ साल कात्तिक७ गते सोमबार भै रोज २ हुने देखिँदा वादीले २०५१ को १ अङ्क सच्याई २ अङ्क बनाई कीर्ते गरेको प्रष्ट देखिने । यदि लिखत सद्दे साँचो भएको भए लिखत भएको दिन रोज फरक हुन नपर्नेमा रोज समेत फरक परेको यस्तो स्थितिमा कीर्ते लिखतको आधारमा वादीले प्रतिवादीबाट साँवा व्याज भरिपाउन नसक्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल भदौ ४ गते रोज ५ शुभम् ।

५.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की**, २०६१ सालको दे.पु.नं. ९२१४, घरभाडा दिलाई पाऊँ, *जयनारायण यादव वि. दुर्गानन्द यादव समेत,* २०६२ सालको दे.पु.नं. ९५४२, *दुर्गानन्द यादव समेत वि. जयनारायण यादव*

प्रति महिना रु.१२५।- का दरले मौखिक शर्तअनुसार दिएको भने पनि सोको प्रमाण पुर्‍याउन सकेको देखिँदैन । दावीका घरहरू धेरै

मानिसको आवतजावत हुने व्यापारिक प्रकृतिको रहेको भन्ने नदेखिएको र वादी प्रतिवादी आफ्नै नजिकका काका भतिज नाताका व्यक्ति रहेको भन्ने देखिँदा मासिक रुपमा पैसा तिर्ने शर्तमा प्रतिवादीहरूलाई घरमा बस्न दिएको होला भनी ठहऱ्याउन नमिल्ने । वादीको जग्गामा बनेका फुसका घरहरूमा प्रतिवादी वसोवास गरेको भन्ने देखिएको र सो फुसका घरहरू प्रतिवादीले बनाएको भन्ने नदेखिँदा सो घरहरू वादीले खाली गराई चलन समेत चलाई पाउने र घर भाडाको हकमा दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल भदौ ४ गते रोज ५ शुभम् ।

६.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको फौ.पु.नं. ००४३, वहुविवाह, *शीलाकुमारी श्रीवास्तव वि. नेपाल सरकार,* २०६३ सालको फौ.पु.नं. ००४४, *कृष्णचन्द्रलाल श्रीवास्तव वि. नेपाल सरकार*

मुलुकी ऐन विहावरीको महलको ११ नं. मा भएको व्यवस्थाबाट थाहा पाएको मितिबाट हदम्याद शुरु हुने र मुद्दा चलाउने सम्बन्धित निकायले थाहा पाएको मिति नै थाहा पाएको मिति कायम हुने देखिन आउने भनी मिति २०५६।८।१७ मा यस अदालतबाट (ने.का.प.२०६० अङ्क ३/४ नि.नं. ७१९७ पृ. २५३) सिद्धान्त प्रतिपादन भै रहेको स्थितिमा हदम्यादको कारण देखाई अभियोगपत्र खारेज गर्न नमिल्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल भदौ ४ गते रोज ५ शुभम् ।

## इजलास नं. ४

१.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६१ सालको दे.पु.नं. ९३१२, दर्ता बदर, *गोकुल गिरी वि. देव गिरी*

कुनै पनि साधिकार निकायले निर्णय गर्दा न्यायिक मनको प्रयोग गरी उक्त निर्णयको आधार र कारण खुलाई (वस्तुनिष्ठ प्रमाणको विवेचना गरी) गर्नुपर्दछ । यो कानूनको मान्य सिद्धान्त हो । प्रस्तुत मुद्दामा मालपोत कार्यालय बाजुराको २०५९।२।२९ को निर्णयमा त्यस्तो केही नगरी निर्णय गरेको देखिँदा उक्त निर्णय त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल भदौ १६ गते रोज ३ शुभम् ।

२.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६५ सालको रिट नं. २०६५-WO-००३०, उत्प्रेषणयुक्त परमादेश, *विशाल रौनियार वि. सुवोधकुमार अग्रवाल समेत*

निवेदकका नाममा रीतपूर्वक म्याद तामेल नगरी निज विरुद्ध परेको करारीय लेनदेन मुद्दामा भएको काम कारवाही एवं फैसला प्राकृतिक न्याय, मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रत्याभूति गरेको हक तथा हाम्रो संविधान एवं कानूनमा व्यवस्था भएको प्रतिवाद गर्न पाउने हकको उल्लंघन हुन गै सो काम कारवाही सदर कायम रहन नसक्ने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल भदौ १२ गते रोज ६ शुभम् ।

३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको रिट नं. WO-०३३८, उत्प्रेषणयुक्त परमादेश, *बाजुद्दिन मियाँ समेत वि. कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालय , कुशाह सुनसरी समेत*

सार्वजनिक सम्पत्तिको रुपमा रहेका लोप हुँदै गएका कानूनअनुसार राज्यद्वारा संरक्षित आरक्षणभित्रका जंगली बन्यजन्तु र जनावरले यदि कृषिमा आधारित नागरिकहरूको बाली वा खेती नष्ट गर्छ भने राज्यले त्यसमा कुनै प्रत्यक्ष हानी नपुऱ्याए पनि राज्यले आवश्यक र उचित क्षतिपूर्ति दिन राज्य Tortiously Liable हुन्छ । राज्यद्वारा

संरक्षित आरक्षणभित्रका जनावरले कसैको बाली खेती जस्ता सम्पत्तिमा क्षति पुऱ्याएमा त्यस्तो जनावरको Keeper को हैसियतले राज्यले पीडितलाई क्षतिपूर्ति दिन पर्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : सुदिप संज्ञानी

इति संवत् २०६६ साल फागुन ५ गते रोज २ शुभम् ।

- यस्तै प्रकृतिको २०६३ सालको रिट नं. ३४८८, परमादेश समेत, *समसुल अन्सारी समेत वि. कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालय कुशाह सुनसरी समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

४.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०५७ सालको रिट नं. ३६६१, उत्प्रेषणयुक्त परमादेश, *विष्णु लम्साल समेत वि. नेपाल सरकार मन्त्रिपरिषद् समेत*

श्रमिकवर्गको आधारभूत अधिकार संरक्षण गर्ने ऐनहरूको व्यवस्थाहरूबाटै श्रमिकवर्गको अधिकारमा कुनै निश्चित सीमामा प्रतिबन्ध लगाउन सक्ने कानूनले नै बाटो दिएको र त्यसैको आधारमा सरकारले आवश्यक सेवा सञ्चालन ऐन २०१४ ले दिएको अधिकार प्रयोग गरी मिति २०५७।१२।२ मा जारी गरेको सूचनाले न त श्रमिकवर्गको हकाधिकारमा आघात पुऱ्याएको छ न त त्यस्तो सूचना नै कानून प्रतिकूल छ । अतः उल्लिखित आधारमा जारी गरेको सूचनालाई कानून प्रतिकूल भएको भन्न र उक्त सूचनाबाट श्रमिकहरूको हक अधिकारमा प्रतिकूल असर परेको भन्न नमिल्ने ।

इजलास अधिकृत : युवराज गौतम

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल बैशाख ९ गते रोज ४ शुभम् ।

५.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६४ सालको फौ.पु.नं. २०६४-CR-०३७७, कर्तव्य ज्यान, *प्रकाश लौडारी वि. नेपाल सरकार*

कलिलो उमेर पनि नभएको, मानसिक रोग पनि नलागेको, लागू पदार्थ सेवन पनि नगरेको र कुनै गम्भीर किसिमको कडा रोग लागी होस ठेगान नभएको भन्ने अवस्था नदेखिएको अवस्थामा खुल्ला इजलासमा गरेको बयानमा शंका गर्न नहुने हुँदा लास बरामद नभए पनि प्रतिवादी आफू कसूरदार हुँ भन्छ भने त्यस्तो अवस्थामा प्रतिवादीको बयानलाई प्रमाणमा लिन मिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल भदौ १० गते रोज ४ शुभम् ।

६.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६३ सालको रिट नं. २०६३-WO-०३५८, उत्प्रेषण समेत, *भैरवप्रसाद पाण्डे वि. शिक्षक सेवा आयोग समेत*

शिक्षक पदमा बढुवा हुने नोकरीको जेष्ठता शैक्षिक योग्यता, तालीम तथा कार्य सम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा निवेदक तथा विपक्षीहरू शंकरनारायण मानन्धर र केशरबहादुर राईले पाउने कूल प्राप्ताङ्कमा फरक पर्न गएकोले त्यस्तो अङ्क गणनालाई गैरकानूनी, भेदभावपूर्ण र स्वेच्छाचारी मान्नुपर्ने हुँदा शिक्षक सेवा आयोग क्षेत्रीय समिति सानोठिमीले निवेदकलाई प्राथमिक शिक्षक द्वितीय श्रेणीमा बढुवा नगरी अन्यलाई बढुवा गर्ने गरी गोरखापत्रमा प्रकाशित सूचना तथा शिक्षक सेवा आयोग सानोठिमीबाट सोही नतिजालाई सो हदसम्म सदर गरी गोरखापत्रमा प्रकाशित गरेको मिति २०६३।४।१९ को नतिजा सूचनासमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल भदौ ९ गते रोज ३ शुभम् ।

७.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६६ सालको रिट नं. ०६३-WO-११५०, उत्प्रेषणयुक्त परमादेश, *शशीबहादुर विष्ट वि. लोकसेवा आयोग के.का. समेत*

निवेदकलाई रा.प. द्वितीय श्रेणीमा बढुवा नियुक्ति दिनु दिलाउनु भन्ने दावी लिएकोमा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताले रिट निवेदकले नेपाल इन्जिनियरिङ्ग सेवा सिभिल समूह इरिगेशन उपसमूहको रा.प.द्वितीय श्रेणीमा बढुवा पाइसकेकाले प्रस्तुत रिट निवेदनको सार्थकता र औचित्यता नदेखिँदा रिट खारेज हुने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल भदौ ९ गते रोज ३ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन् :

- २०६४ सालको रिट नं. ०६३-WO-११५१, उत्प्रेषणयुक्त परमादेश, *प्रदिपकुमार मानन्धर वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*
- २०६६ सालको रिट नं. ०६३-WO-११४९, उत्प्रेषणयुक्त परमादेश, *रमेशबन्धु अर्याल वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*

८.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल**, २०६३ सालको रिट नं. ०६३-WO-०७०८, उत्प्रेषण समेत, *रामकृष्ण महर्जन समेत वि. न्हुच्छेनारायण मानन्धर समेत*

मुद्दा जितेपछि जित्ने पक्षको एकमात्र उद्देश्य आफ्नो दावीअनुसार भराइ पाउने नै हो । कसैले पनि मुद्दा हार्ने पक्षलाई थुनाउने उद्देश्यले मुद्दा गर्दैन । मुद्दा गर्नेको एकमात्र उद्देश्य भरी भराउ नै हो । त्यसकारण दण्ड सजायको ४२ नं. र लेनदेन व्यवहारको १९ नं. ले आफ्नो रकम असूल गर्नुको बदला उल्टो आफैले सिधा खर्च राखी थुनाउन माग गर्नु वाध्यता भएको हुँदा निवेदकहरूले न्हुच्छेनारायण मानन्धरलाई तिर्नु बुझाउनु पर्ने विगोबापत दर्खास्तमा देखाएको जेथा हालसम्म पनि रोक्का नै रहिरहेको देखिएको अवस्थामा विगोबापत निवेदकहरूलाई थुनामा राख्ने गरी भएको जिल्ला अदालतको आदेश तथा सोलाई सदर गर्ने गरी भएको पुनरावेदन अदालतको आदेशसमेत कानूनको परिधिभित्र रही गरेको कानूनअनुरूपकै देखिन आएकोले जेथा हुँदाहुँदै थुनामा राख्न नमिल्ने भनी रिट निवेदकहरूले लिएको दावी निरर्थक देखिने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल भदौ ८ गते रोज २ शुभम् ।

- यस्तै प्रकृतिको २०६३ सालको दे.पु.नं. ०६३-CI-०७०२, निषेधाज्ञा, *रामकृष्ण महर्जन समेत वि. काठमाडौँ जिल्ला अदालत समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

९.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की**, २०६५ सालको स.फौ.पु.नं. ०७७४, ज्यान मार्ने उद्योग, *मंगलबहादुर तामाङ समेत वि. नेपाल सरकार*

घाउ चोट कुटपीटबाट भएको भन्ने देखिएको र घटना घटेको भन्ने तथ्य स्थापित भएको अवस्थामा ज्यान मार्ने उद्योग नठहरेपछि सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम प्रस्तुत मुद्दा कुटपीटमा परिणत गरी सरोकारवालालाई झिकाई निजले मुद्दा सकार गरेमा निजलाई वादी पक्ष कायम गरी अव पुनः घाइते, जाहेरवालालगायतका व्यक्तिलाई झिकाई प्रमाण बुझी कुटपीटको महलअन्तर्गत मुद्दाको कार्वाही र किनारा गर्नुपर्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल भदौ १४ गते रोज १ शुभम् ।

## इजलास नं. ५

१.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री गौरी ढकाल**, २०६२ सालको रिट नं. २८३४, उत्प्रेषण समेत, *बद्रीनारायण माझी थारु वि. छेदनीदेवी चौधरी समेत*

भूमिसुधार कार्यालयको निर्णयानुसार नभै कित्ताकाट तथा तर्क आदि फरक परेको अवस्था भए निवेदकले मालपोत कार्यालयमा निवेदन दिई

सो कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा साँचो देखिएको अवस्थामा सुधार गर्न सक्ने अधिकार रहे भएकै देखिँदा र विपक्षीहरूले आफ्नो लिखित जवाफ प्रस्तुत गर्दा समेत निवेदकले निवेदन दिएको अवस्थामा सुधार हुन सक्ने भनी उल्लेख गरेकोबाट उपचारको प्रभावकारी र वैकल्पिक मार्ग रहेको देखिन आएको अवस्थामा असाधारण अधिकारक्षेत्रअन्तर्गतको रिट जारी हुन नसक्ने ।

इजलास अधिकृत : राजेन्द्रकुमार आचार्य

इति संवत् २०६६ साल जेठ १३ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६२ सालको रिट नं. २८३३, उत्प्रेषण, *शोभावती माझी वि. भूमिसुधार कार्यालय मोरङ समेत*
- २०६२ सालाको रिट नं. २८३५, उत्प्रेषण, *अनन्तलाल चौधरी वि. भूमीसुधार कार्यालय मोरङ समेत*

२.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री गौरी ढकाल**, २०६१ सालको दे.पु.नं.९२७१, निषेधाज्ञा *नारायण ज्ञवाली वि. उमादेवी शर्मा समेत*

सार्वजनिक बाटो, जग्गालाई सार्वजनिक रुपमै सबै व्यक्ति तथा नागरिकहरूले उपभोग गर्न पाउँछन् । सार्वजनिक जग्गामध्येको केही भाग आयुर्वेद अस्पताल भवनको लागि प्रदान गरी सार्वजनिक सेवाकै रुपमा रहने भनिए तापनि खुल्ला बाटो निकास अवरोध हुने गरी त्यस्तो कार्य गर्न हुन्छ भन्न नमिल्ने ।

इजलास अधिकृत : राजेन्द्रकुमार आचार्य

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल असार ११ गते रोज ५ शुभम् ।

३.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला**, २०६४ सालको रिट नं. ००१५,उत्प्रेषण परमादेश, *शुभद्रा देवी रेग्मी वि. ६ नं.नापी गोश्वाराको कार्यालय काठमाडौं*

नापनक्सासम्म भएको नापनक्सा भएको कुरामा जग्गा नापजाँच ऐन तथा नियमले निर्धारण गरेका प्रक्रिया अवलम्बन गरी उपचार खोज्ने अवस्था हुँदाहुँदै त्यसतर्फ केही नगरी निर्णय हुनुभन्दा अघि नै नापनक्सासम्म भएको अवस्थामा आएको प्रस्तुत रिट निवेदन Pre mature देखिँदा अहिले नै त्यसमा रिट क्षेत्रबाट बोल्न मिल्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृत : युवराज गौतम

कम्प्युटर : नारायणप्रसाद आचार्य

इति संवत् २०६६ साल असार ४ गते रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६४ सालको दे.पु.नं. ००७१, शर्तनामाअनुसार गरिपाऊँ, *कृष्णप्रसाद गौतम वि. देवी गौतम*

लोग्नेबाट अलग भिन्न भै बस्नु परेको स्थितिमा वादीसँगै बसेकी छोरीको विवाह गर्दा खर्चको जोहो वादीले नै गर्नुपरेको वादीदावी एवं निजका साक्षीहरूको कथन अपत्यारिलो मान्न सकिने देखिँदैन । वादीले विवाह गर्दा ऋण लिएको भनिएका मानिससमेत आई बकपत्रसमेत गरिदिएको अवस्था देखिन्छ । यस अवस्थामा मिसिल संलग्न सर्जमिन मुचुल्कालगायतलाई आधार मानी प्रतिवादीको आर्थिक हैसियत समेत यकीन गरी प्रतिवादीबाट छोरीको विवाह गर्दा लागेको रकम वादीले भराइ लिन पाउने ।

इजलास अधिकृत : युवराज गौतम

इति संवत् २०६६ साल साउन २६ रोज २ शुभम् ।

५.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६६ सालको रिट नं.००६६, वन्दीप्रत्यक्षीकरण, *चक्र चौधरी समेत वि. मन्त्रिपरिषद् सचिवालय काठमाडौं समेत*

निवेदकहरू थुनाबाट मुक्त भइसकेको जानकारी प्राप्त भएको अवस्थामा यसमा कुनै आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृत : कृपासुर कार्की

इति संवत् २०६६ साल जेठ २४ गते रोज १ शुभम् ।

६.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६१ सालको स.फौ.नं. ३०२९, ३०३०, र ३२८०, ज्यान मार्ने उद्योग, *जयराज संयोग लिम्बू वि. नेपाल सरकार, टंकप्रसाद पराजुली वि. नेपाल सरकार, ठाकुर सिँ लिम्बू वि. नेपाल सरकार*

जयराज समेतले पीडितलाई हलदेखि पश्चिम लखेट्दै गरेको देखेको भन्ने दानबहादुर बस्नेत, जयराजले हातमा खुकुरी लिई आउदैं गरेको देखेको भन्ने आशा राई समेतका साक्षीहरूको बकपत्र समेतबाट पुनरावेदक प्रतिवादी जयराज संयोग लिम्बू टंकप्रसाद पराजुली, बाले कम्पासे भन्ने ठाकुर सिँ लिम्बू समेतका प्रतिवादीहरू उक्त आपराधिक कार्यमा संलग्न थिएनन् भन्न नसकिने हुँदा ज्यान मार्ने उद्योग गरेको देखिने ।

इजलास अधिकृत : राजेन्द्रकुमार आचार्य
कम्प्युटर : नम्रता बास्तोला
इति संवत् २०६६ साल भदौ १ गते रोज २ शुभम् ।

७.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको रिट नं. ०५३३, उत्प्रेषण परमादेश, *प्रतापसिँह बुडाल वि. सशस्त्र प्रहरी प्रधान कार्यालय हलचोक समेत*

अति बिलम्ब गरी ६ वर्षभन्दा बढी समयपछि मनासिव माफिकको कारण नदेखाई उपचारको माग गर्दै रिट निवेदन दायर गरेको देखिएकोले मागबमोजिमको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : नम्रता बास्तोला
इति संवत् २०६६ साल असार २९ रोज २ शुभम् ।

## इजलास नं. ६

१.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गौरी ढकाल,** २०६२ सालको फौ.पु.नं. ३७६४, सवारी ज्यान, *नेपाल सरकार वि. कर्णकुमार कालाखेती*

सामान्य रुपमा ट्रक स्टार्ट गरी चलाउदा ट्रकमुनि रहेको बालकलाई चक्काले ठक्कर दिई दुर्घटना भएको देखिन आएको हुँदा प्रस्तुत वारदातमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) आकर्षित हुने देखिएन । दुर्घटना भएको परिस्थिति विचार गर्दा ज्यान मर्नसक्छ भन्ने जस्तो अवस्था विद्यमान रहेको देखिन नआएकोले प्रतिवादीलाई ऐ.ऐनको दफा १६१(३) बमोजिम रु. २,०००।-जरीवाना हुने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल असार १८ रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गौरी ढकाल,** २०६२ सालको फौ.पु.नं. ३७४४, कुटपीट, *दुःखी राय अमात वि. मंगल राय अमात समेत*

घाउको नाप १ इन्च पनि नदेखिएको अवस्थामा प्रतिवादीमध्येका मंगल रायलाई १ महिना कैद र रु ५००।- को दामासाहीले हुने जरीवानासमेत गर्न नमिल्ने भै कुटपीटको ९ नं. अनुसार रु. ५००।- को दामासाहीले हुने जरीवाना मात्र हुने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल असार १८ रोज ५ शुभम् ।

३.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गौरी ढकाल,** २०६३ सालको फौ.पु.नं. ०६३-CR-०२७५, करकाप, *मञ्जु शेरचन वि. बाबुराम चौधरी समेत*

ठोस सबुद प्रमाणको अभावमा कम्पनीले तिर्नु बुझाउनु पर्ने राजश्वको सम्बन्धमा पुनरावेदक वादीसहित कम्पनीका शेयरहोल्डर एवं प्रतिनिधिहरू बीच छलफल भई सामूहिक रुपमा दस्तखत गरेको कागजलाई करकापबाट गरेको ठहर गर्न नमिल्ने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल असार १८ रोज ५ शुभम् ।

- यस्तै प्रकृतिको २०६३ सालको दे.पु.नं. ०६३-CI-०४९४, जेथा जमानत बदर गरी फुकुवा गरी नामसारी गरिपाऊँ, *मञ्जु शेरचन वि. सौभाग्य डिष्टिलरी प्रा.लि. समेत भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।*

४.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गौरी ढकाल,** २०६३ सालको फौ.पु.नं. ०६३-CR-००४५, लुटपीट, *महावीर सदा मुसहर समेत वि. कामेश्वर मण्डल,* २०६५ सालको फौ.पु.नं. ०६५-CR-०३९५, *कामेश्वर मण्डल वि. महावीर सदा मुसहर समेत*

वादीको कि.नं. १६५ को सिमानाभित्र २ वटा कटहरका रुखहरू रहेका देखिएको र प्रतिवादी पक्षले सो रुखको कटहर टिपेको कुरामा विवाद नदेखिई आफ्नो हक नपुग्ने अर्काको जग्गाको रुखमा फलेको कटहर आफ्नो भनी टिपेको देखिएको अवस्थामा ती दुई रुखको कटहर दावीबमोजिम प्रतिवादले लुटपीट गरेको ठहर्ने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल असार १८ रोज ५ शुभम् ।

५.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गौरी ढकाल,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०६५९, लेनदेन, *नवलकिशोर कवारा वि. राकेश सिँह ठाकुर*

भाखापत्रको मितिपछि वादी प्रतिवादीबीच छुट्टै कारोवार भएको भन्ने नदेखिएको अवस्थामा प्रतिवादीले वादीलाई बुझाएको रकम सो भाखापत्रमा उल्लिखित वक्यौता रकम बाहेकको अन्य रकम हो भन्ने देखिन नआउने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल असार १८ रोज ५ शुभम् ।

६.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गौरी ढकाल,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०६२९, करारको यथावत् परिपालना, *जगदीश ढकाल वि. भेरी अञ्चल अस्पताल* निवेदकले टेलिफोन सामग्री अस्पताल हाताभित्र राखेको कुरालाई निवेदनमा र अस्पताल हातामा टेलिफोन लाइनसमेत जडान गरेको कुरालाई प्रस्तुत पुनरावेदन पत्रमा स्वीकार गरेको देखिन्छ । यसबाट अस्पतालसँग भएको करार परिपालना नगरेको भन्ने जिकीर समर्थित भएको नदेखिँदा निवेदन दावी खारेज हुने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल असार १८ रोज ५ शुभम् ।

७.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गौरी ढकाल,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०७४३, दाखिल खारेज नामसारी, *रामशरण रन्जितकार समेत वि. ध्रुविहरि रन्जितकार समेत*

दुवै पक्षले परस्पर दावी गरेको अवस्थामा सबूद प्रमाण बुझी हक बेहकमा निर्णय गर्न मालपोत कार्यालयलाई कानूनले अधिकार प्रदान गरेको नहुँदा मालपोत कार्यालय काठमाडौँको निर्णय त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल असार १८ रोज ५ शुभम् ।

८.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रणबहादुर वम,** २०६३ सालको रिट नि. नं. ३३३१, उत्प्रेषणयुक्त परमादेश, *सुमन तिवारी वि. कृष्णादेवी तिवारी समेत*

अदालतबाट प्रमाण बुझ्ने क्रममा भएका आदेशलाई रिट क्षेत्रबाट हस्तक्षेप गर्दा समग्र मुद्दाको न्यायिक निरोपण कार्य अवरुद्ध भै न्यायिक कारवाहीमा समेत प्रतिकूल असर पर्न जाने ।
इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६६ साल साउन १८ रोज १ शुभम् ।

९.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रणबहादुर वम,** २०६४ सालको रिट नि.नं. ९७१, उत्प्रेषण, *प्रताप सिँह राजवंशी वि. पुनरावेदन अदालत इलाम समेत*

जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(७) ले व्यवस्था गरेको प्रक्रियालाई अवलम्वन गरी दुई पटकसम्म विगोको जग्गाको लिलाम बढाबढ हुँदा कसैले पनि स्वीकार नगरेको तत्पश्चात् दुनियाँको विगोको हकमा निज निवेदकले समेत पञ्चकीर्ते मूल्यमा सकार गर्न नचाहेको स्थितिमा जिल्ला अदालत नियमावलीको नियममा उल्लिखित व्यवस्थाअनुरूप नै विगोसम्बन्धी मिसिल तामेलीमा राखी दिने गरी तहसीलदारबाट भएको आदेशमा कुनै कानूनी त्रुटि रहेको नदेखिने ।
इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६६ साल साउन १८ रोज १ शुभम् ।

१०.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६० सालको रिट नं. ३२९९, उत्प्रेषण समेत, *रामबहादुर मानन्धर वि. जग्गा नाप जाँच ऐन, २०१९ को दफा ११(ख) बमोजिम गठित समिति समेत*

मालपोत नियमावली, २०५६ को नियम २२क(३) अनुसार सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने दायित्व मालपोत कार्यालयको रहेको र त्यस्तो जग्गाको संरक्षणार्थ मालपोत ऐन, २०३४ को दफा २४(२) बमोजिम सरकारी तथा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा कुनै तरहले दर्ता भएकै रहेछ भने पनि स्वतः बदर भई त्यस्तो दर्ताको अवस्था स्वतः शून्यप्रभावी हुने ।
इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल बैशाख ३० रोज ४ शुभम् ।

११.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको रिट नं. ०४९६, उत्प्रेषणयुक्त परमादेश, *राजेन्द्र बस्नेत वि. सामान्य प्रशासन मन्त्रालय काठमाडौँ समेत*

निजामती सेवा ऐन, २०४९ को दफा १८ अनुसार अख्तियारवालाले निश्चित अवधि पुगेपछि देशका विभिन्न क्षेत्रको भौगोलिक क्षेत्रको अनुभव दिलाउनका लागि निजामती कर्मचारीलाई सरुवा गर्न सक्ने ऐनमा उल्लिखित कानूनी प्रावधानअनुरूप निवेदकलाई सामान्य प्रशासन मन्त्रालयले मालपोत कार्यालय चावहिलबाट हुलाक सेवा विभाग वा सोअन्तर्गतका कार्यालयमा सरुवा गरेकाले सो कानूनअनुरूप भएको सरुवा निर्णयसम्बन्धी कार्यबाट निवेदकको हकमा आघात परेको भन्ने देखिन नआउने ।
इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६६ साल भदौ १६ रोज ३ शुभम् ।

- यस्तै प्रकृतिको २०६३ सालको रिट नं. ३३०५, उत्प्रेषणयुक्त परमादेश, *राजेन्द्र बस्नेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय काठमाडौँ समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१२.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६२ सालको रिट नं. २७६३, उत्प्रेषणयुक्त परमादेश, *विष्णुमाया पौडेल वि. नेपाल सरकार समेत*

निवेदकले अख्तियारप्राप्त निकायको पेन्सनपट्टाबमोजिम प्राप्त गरेको पेन्सन रकम श्रेणी घटुवा गरी बढी गएको भन्ने विपक्षीको पत्राचारको आधारमा फिर्ता गर्नु नपर्ने । बढी भुक्तानी हुन गएको भनी ३७,३१०।-(अक्षरुपी सैतीस हजार तीन

सय दश) बेरुजु खातामा दाखिल गर्ने गरी विद्यालय शिक्षक किताबखानाबाट च.नं. २७४ मिति २०६२।४।३० को पत्र तथा तत्सम्बन्धी निर्णय त्रुटिपूर्ण रहेकाले उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल भदौ १६ रोज ३ शुभम् ।

१३.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको फौ.पु.नं. ०६३-CR-०६३८, नेपाली नागरिकताको प्रमाण पत्र रद्द, *नेपाल सरकार वि. कृपाल सहनी*

बाबुले कुनै व्यहोराले नेपालको नागरिकता प्रमाणपत्र नलिएको भन्ने कारणले मात्र आमा तथा दाजुहरूले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गरिरहेको अवस्थामा यी प्रतिवादीले वंशजको नाताले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकताबाट हटाउने गरेको निर्णय कानूनसम्मत नदेखिने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल असार १४ रोज १ शुभम् ।

१४.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको रिट नं. ५६१, उत्प्रेषणयुक्त परमादेश, *नन्दकिशोर प्रसाद यादव वि. मध्यक्षेत्र प्रहरी कार्यालय हेटौँडा*

प्रहरी कर्मचारीलाई कारवाही गर्दा सफाइको मौका प्रदान गरिनु पर्ने र अपवादात्मक व्यवस्थाअनुसार सफाइको मौका नदिई कारवाही गर्ने हो भने त्यसो गर्नु परेको कारण स्पष्टरुपमा निर्णय पर्चामा लेखिनु पर्दछ । त्यसरी लेखिएका कारणहरू यथार्थमा आधारित, वस्तुपरक र मनासिव पनि हुनुपर्दछ । प्रस्तुत रिट निवेदकलाई उल्लिखित ऐन नियमले निर्धारण गरेबमोजिमको उचित र पर्याप्त सफाई पेश गर्ने मौका प्रदान नगरी सेवाबाट हटाउने गरी क्षेत्रीय प्रहरी इकाई कार्यालय, बाग्मतीबाट भएको निर्णय सदर गरेको मध्यक्षेत्र प्रहरी कार्यालय हेटौँडाको निर्णय कानूनसम्मत नदेखिने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल साउन १९ रोज २ शुभम् ।

१५.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको साधक नं. ०६४-RC-००२८, २०६५ सालको साधक नं. ०६५-RC-००६३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चुरामणी वली समेत*

अदालतबाट जारी भएको वारेण्ट तथा म्यादी पुर्जीबमोजिम उपस्थित भई आफ्नो प्रतिरक्षा गर्न सक्नुपर्नेमा प्रतिवादी चुरामणी वली र खिमबहादुर वलीले सो म्याद गुजारी बसेको देखिन्छ भने पक्राउ परेका प्रतिवादी चित्रबहादुर भन्ने चित्रवीर वली पनि अनुसन्धान अधिकारीसमक्ष सावित भई भागेको देखिन्छ । अतः उल्लिखित तथ्य एवं प्रमाणहरूबाट यी प्रतिवादीहरूले आरोपित कसूर गरेका होइनन् भन्न नसकिने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल असार १९ रोज ६ शुभम् ।

१६.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको साधक नं. ०६३-RC-००१९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गोविन्दप्रसाद देवकोटा समेत*

मृतकको पोष्टमार्टम रिपोर्टमा मृत्युको कारणमा death is due to bullet injury resulting severe injury of internal structures of neck leading to haemorrhage, shock and asphyxia भन्ने उल्लेख भएको पाइन्छ । यसरी प्रत्यक्षदर्शीहरूको भनाई, बरामदी मुचुल्का तथा पोष्टमार्टम रिपोर्टसमेतका उल्लिखित स्वतन्त्र प्रमाणहरूबाट प्रतिवादी गोविन्दप्रसाद देवकोटाको अनुसन्धान अधिकारीसमक्षको बयान व्यहोरा समर्थित हुनआएको देखिएकोले प्रतिवादीहरूको

अदालतसमक्षको इन्कारी बयान खम्वीर हुन नआउने ।
इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल असार १९ रोज ६ शुभम् ।

१७.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको साधक नं. ०६४-RC-००६३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कला राना*

प्रतिवादीले कलिलो उमेर र अपरिपक्व अवस्थामा भिनाजूबाट गर्भधारण गरी जन्मिएको शिशुलाई सामाजिक बेइज्जती र लोकलाजबाट बच्न भावावेशमा आएर शिशुको संरक्षण गर्नु भन्दा तिरष्कारको भाव लिई गरेको कार्यबाट शिशुको मृत्यु हुनगएको देखिएको अवस्थालाई मनन् गरी ऐनबमोजिमको पूरा सजाय गर्दा चर्को नै पर्ने देखिएकोले अ.वं. १८८ नं. अनुसार प्रतिवादीलाई ३ (तीन) वर्ष मात्र कैदको सजाय हुने ।
इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
इति संवत् २०६६ साल असार १९ रोज ६ शुभम् ।

## इजलास नं. ७

१.

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको दे.पु.नं. ८५१०, जग्गा दर्ता, *विष्णुबल तामाङ्ग वि. मालपोत कार्यालय धनुषा*

मालपोत ऐन, २०३४ को दफा ७ समेतको अधीनमा रही साविक दर्ता, तिरो र हकभोग सम्बन्धी प्रमाणको आधारमा दर्ता छुट भएको भनी दावी लिएकोमा ती प्रमाणहरूको समुचित मुल्याङ्कन गरी सो प्रमाणहरूको आधारमा निजको हक भोगको जग्गा देखिन्छ वा देखिँदैन र दर्ता गर्न मिल्छ वा मिल्दैन भनी प्रमाणका आधारमा निर्णय गर्नुपर्ने ।
इजलास अधिकृत : पुष्पराज थपलिया
इति संवत् २०६६ साल भदौ २ गरोज ३ शुभम् ।

२.

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** २०६१ सालके दे.पु.नं. ८८९०,निर्णय बदर नामसारी, *शंकरप्रसाद उपाध्याय नेपाल वि. कृष्णप्रसाद उपाध्याय समेत*

जग्गा खरीद गर्नेले ससीम कित्ताको जग्गा नै खरीद नगरी कुनै कित्ताबाट आंशिक मात्र खरीद गरेको र सोअनुसारको जग्गा आफ्नो नाममा दर्ता गराई भोगचलन समेत गरी आएकोमा पछि सो राजीनामाभित्रको आफ्नो जग्गा बाँकी छ भन्न र आफ्नो हकको स्रोत उक्त राजीनामामा लेखिएभन्दा बढी जग्गामा दावी गर्न नमिल्ने ।
इजलास अधिकृत : पुष्पराज थपलिया
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६६ साल भदौ २ रोज ३ शुभम् ।

३.

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६४-CR-०२१४, कर्तव्य ज्यान, *शान्ता विडारी वि. नेपाल सरकार*

घटी सजाय हुने भनी व्यक्त राय स्वयंमा फैसला वा अन्तिम राय हुने नभई सर्वोच्च अदालतबाट मनासिव देखिए र सो रायलाई सदर गरेमात्र फैसलाको रुप धारण गर्ने हुँदा यस्तो तल्लो अदालतबाट व्यक्त रायउपर पुनरावेदन गर्ने अवस्था नहुने ।
इजलास अधिकृत : पुष्पराज थपलिया
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल भदौ ३ रोज ४ शुभम् ।

४.

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३७९९, आयकर, *राजभाई शाक्य वि. लोकमान्य गोल्छा*

कानूनबमोजिम कर निर्धारण गर्ने अधिकार पाएको कर कार्यालयको कर अधिकृतले प्रचलित कानूनमा स्पष्ट रुपमा उल्लेख भएको आधार र प्रक्रियाबाहेक अन्य आधार र प्रक्रियाबाट वा आफ्नो स्वविवेकीय अधिकारबमोजिम कर निर्धारण गर्न नमिल्ने ।
इति संवत् २०६६ साल जेठ २० गते रोज ४ शुभम् ।

**इजलास नं.८**

१.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको रिट नं. ३३७५, उत्प्रेषण, *करम हुसेन खाँ समेत वि. गृह मन्त्रालय समेत*

विवादरहित तथ्यको आधारमा हक प्रचलन गराई पाउन माग गरेको अवस्थामा मात्रै रिट क्षेत्राधिकार आकृष्ट हुने र राजमार्ग प्रविन्दुबाट निवेदकको जग्गा कति फिटभित्र पर्छ भनी निवेदनमा दूरी किटान गर्न निवेदक स्वयंले नसकेको अवस्थामा निर्धारित मापदण्डमध्ये कुन वर्ग भित्र निवेदकको जग्गा पर्ने हो भन्ने तथ्यगत प्रश्नमा प्रवेश गरी रिट क्षेत्रबाट यकीन गरी आदेश गर्न नमिल्ने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ जेठ २८ गते रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०३८६, जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ, *शान्तादेवी ढकाल वि. गोमाकुमारी पोखरेल समेत*

मिति २०५५।१२।२९ भन्दा अगावै सडक कायम रहेको र सबैले भोग चलनसमेत गरेको प्रमाणित भएको अवस्थामा सो समयमा वादीलाई खिचोला गरेको विषयको जानकारी नभएको भन्ने कुरासँग सहमत हुन नसकिने भई प्रस्तुत फिराद पत्र हदम्यादभित्रको नदेखिँदा खारेज हुने ।

इजलास अधिकृत : भुवनसिँह थापा

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असार १४ गते रोज १ शुभम् ।

- यस्तै प्रकृतिको २०६५ सालको दे.पु.नं. ०६५-CI-०३८७, जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ, *शान्तादेवी ढकाल वि. इटहरी नगरपालिकाको कार्यालय समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

३.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको स.फौ.पु.नं. CR-०१३६, भवितव्य ज्यान र गौवध, *नेपाल सरकार वि. नन्दबहादुर लामा समेत*

भीरमाथि वनमा ढुङ्गा पन्छाउँदा अकस्मात खसी तल रहेका गाईहरूका बथानमध्ये जाहेरवालाको झुमा गाईलाई लागेको स्थिति हुँदा चौपायाका १५ नं. ले प्रतिवादीहरूलाई गाईको बिगो भराई बिगोबमोजिम जरीवाना समेत गर्न नपर्ने ।

इजलास अधिकृत : भुवन सिँह थापा

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असार १४ गते रोज १ शुभम् ।

४.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको रिट नं. २७०५, उत्प्रेषण मिश्रित परमादेश, *नरहरि खड्का वि. भूमिसुधार कार्यालय काठमाडौँ समेत*

विवादित जग्गामा गोरेटो बाटो रहेको भन्ने कुरा देखिन आउँछ । जग्गा बाँडफाँड गर्दा बाँडफाँडसम्बन्धी निर्णय गर्ने अधिकारीले यस्तो स्थितिको स्थलगत अध्ययनसमेत गरी निवेदकले पेश गरेका कागजातसमेत अध्ययन गरी बाटोको समेत विचार गर्नुपर्ने हुन्छ । प्रस्तुत विवादमा सो केही नगरी दावीभन्दा फरक ढंगले निर्णय गरेको पाइयो । यस्तो निर्णय कानूनसम्मत नभएकोले भूमिसुधार कार्यालय काठमाडौँको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : शिशिरराज ढकाल

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असोज २२ गते रोज ५ शुभम्

**५.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको रिट नं. ३२९८, उत्प्रेषण परमादेश समेत, *बद्रीनाथ ढकाल वि. जिल्ला प्रहरी विशेष अदालत कास्की पोखरा समेत*

आफ्नो जागिर के कस्तो अवस्थामा छ र आफूविरुद्ध कारवाही भएको छ, छैन कारवाही

भएको भए के कस्तो कारवाही भएको छ भनी कुनै खोजखवर केही नगरी आफ्नो नोकरीका बारेमा जानकारी लिने प्रयत्न समेत नगरी उल्टै सुनुवाईको मौका दिइएन, पाउनु पर्छ भनी दावी गर्नुलाई उचित मान्न नसकिने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल जेठ ४ रोज २ शुभम् ।

६.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर वम**, २०६२ सालको रिट नं. २९८१, उत्प्रेषण समेत, *भाइकाजी रायमाझी वि.गृह मन्त्रालय समेत*

कानूनद्वारा तोकिएका आधारभूत सेवा शर्तहरूलाई पालना नगरी विदाको प्रतिवेदन समेत नपठाई बिना जानकारी गैरहाजिर रही सेवाप्रति रहेको न्यूनतम् दायित्व समेत पालना नगरेको अवस्थामा निजलाई सफाईको मौका दिने प्रक्रिया अवलम्वन गर्न पनि सम्भव नभएको भनी नियम ८९ को उपनियम २(ग) बमोजिम खडा भएको निर्णय पर्चामा उल्लेख गरी अधिकार प्राप्त अधिकारीले गरेको निर्णयलाई बेमुनासिव भनी कानूनी त्रुटिपूर्ण भन्न नसकिने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल जेठ ४ गते रोज २ शुभम् ।

७.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर वम**, २०६३ सालको रिट नं. ३३४४, उत्प्रेषणयुक्त परमादेश, *मीनबहादुर थापा वि. जिल्ला प्रहरी कार्यालय बाँके समेत*

संयोजकलाई कार्यालयमा पुऱ्याई निजकै आदेशानुसार बाहिर गै बसेको अवस्थामा गोली प्रहार भएको भन्ने निवेदन जिकीरतर्फ हेर्दा संयोजकले यी निवेदकलाई के कस्तो आदेश दिएका थिए ? निवेदन लेखअनुसार निजकै आदेशअनुसार यी निवेदकले संयोजकलाई कार्यालयमा छाडी प्रतिक्षालय अगाडि बसेका हुन् होइन भन्ने जस्ता प्रश्न तथ्यगत प्रश्न भएकोले यस्ता तथ्यगत प्रश्नका सम्बन्धमा प्रमाण बुझी रिट क्षेत्रबाट बोल्न नमिल्ने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल जेठ ४ रोज २ शुभम् ।

८.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल**, २०६६ सालको साधक नं. ०७१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चन्द्रबहादुर बुढाथोकी समेत*

सीता बुढाथोकीले आफू माइतीघरमा रहेको बखत देवर बसन्त बुढाथोकी समेत मेरो माइती घरमा आई एक जना मानिस मारी गहुँवारीमा फाली आएको भनी भारततर्फ जानु भएको हो भनी मौकामा कागज गर्दा खुलाई दिएको र मृतकको लाश गहुँवारीमा नै फेला परेको तथ्यबाट जाहेरी व्यहोरा एवं प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको वयानसमेत पुष्टि भएबाट यी प्रतिवादी राजु भन्ने चन्द्रबहादुर बुढाथोकी र दयाराम भुषाल समेत भई मृतकलाई कर्तव्य गरी मारेको तथ्य पुष्टि हुने ।

इजलास अधिकृत : भुवन सिँह थापा

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असार १९ रोज ६ शुभम् ।

९.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की**, २०६५ सालको स.फौ.पु.नं. ०७५५, वहुविवाह, *नेपाल सरकार वि. श्यामसुन्दर श्रेष्ठ समेत*

विहावारीको महलको ११ नं. ले थाहा पाएको मितिले ३ महिनाभित्र नालिस दिनुपर्छ भन्ने उल्लेख भएबाट समेत अख्तियारप्राप्त निकायलाई थाहा जानकारी भएको मिति २०६२।१।१५ ले उक्त विहावारीको महलको ११ नं.व्यवस्था गरेको हदम्यादभित्रै प्रहरी प्रतिवेदन दायर भएको देखिने ।

इजलास अधिकृत : भुवन सिँह थापा

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असार १८ रोज ५ शुभम् ।

१०.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २६०३ सालको रिट नं. WO-०७८२, उत्प्रेषण परमादेश, *अधिवक्ता श्री ओमप्रकाश सिँह वि. कृषि विकास बैंक लिमिटेड काठमाडौँ समेत*

बैंकको केही कर्मचारीहरूको म्याद थप गरिएको कार्य र स्वेच्छिक अवकाश योजना अर्न्तगत कार्यरत कर्मचारीहरूले अवकाश लिएको कारण बैंकले सहजरुपमा सर्वसाधारणलाई आफ्नो सेवा प्रदान गर्न नसक्ने स्थिति भई केही पदमा स्थायी पद पूर्तिको लागि विज्ञापन गरेको कार्य पनि वदनियतपूर्ण मनसायले भएको हो भनी शंका गर्नु मनासिव नदेखिँदा बैंक एउटा स्वशासित संस्था भएको र यस्तो संस्थाको साधारणसभा वा सञ्चालक समितिले बैंक सञ्चालनको लागि उपयोग गर्ने हक अदालती उपचारको विषय बन्न नसक्ने ।

इजलास अधिकृत : भुवन सिँह थापा
कम्प्युटर : धनबहादुर गुरुङ
इति संवत् २०६६ साल बैशाख २३ रोज ४ शुभम् ।

११.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको रिट नं. WO-०७४०, उत्प्रेषण परमादेश, *ओमप्रकाश सिँह वि. कृषि विकास बैंक लिमिटेड काठमाडौँ समेत*

साधारण ऐनका उपचार उपलब्ध भएसम्म सोही प्रक्रिया अपनाउनु पर्छ र सोबाट उपचार साध्य नहुने रहेछ भने मात्रै संविधानबमोजिम असाधारण अधिकार खोज्न सकिने ।

इजलास अधिकृत : भुवन सिँह थापा
कम्प्युटर : धनबहादुर गुरुङ
इति संवत् २०६६ साल बैशाख २३ रोज ४ शुभम् ।

१२.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ९२००, लिखत बदर दर्ता बदर दर्ता, *हिरा महतो कोइरी वि. विरा महतो कोइरी समेत*

विवादको जग्गा वादीले अंशबापत पाएकोमा कुनै विवाद नभएको र पर्सा जिल्ला अदालतबाट भएको वण्डा मुचुल्कालाई समेत प्रतिवादीहरूले अन्यथा भन्न नसकेको अवस्थामा वादीले अंश मुद्दाबाट पाएको पैतृक सम्पत्तिलाई मिली एकआपसमा गरेको मिति २०४४।११।५ को हालैको बकसपत्रको लिखतलाई वादीले स्वीकार नगरेको अवस्थामा बदर गराउन सक्ने नै देखियो । विवादित जग्गा वण्डापत्रअनुसार वादीको हक हिस्सामा परी दाखेल खारेजसम्म बाँकी रहेको र यसरी बण्डापत्रबाट आफ्नो हिस्सामा परी दाखेल खारेज गर्ने सम्मको काम बाँकी रहेकोमा यस्तो सम्पत्तिउपर वादीको हक कायम भएको थिएन भन्नु न्यायसँगत नहुने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली
कम्प्युटर : धनबहादुर गुरुङ
इति संवत् २०६६ साल जेठ ५ गते रोज ३ शुभम् ।

## इजलास नं. ९

१.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६२ सालको दे.पु.नं ८२९७, अंशवण्डा जग्गा बण्डा दर्ता, *दुखरन झा वि. सत्यनारायण झा*

मिति २०५३।१२।१७ गतेको अंश छोडपत्र कागजमा प्रतिवादी सत्यनारायण झा समेतले आमाको नाममा रहेको कि.नं. ४०१ समेतका जग्गामा कुनै दावी गर्ने छैन भन्ने कुरा उल्लेख गरेको देखिएतापनि त्यस्तो घरसारमा गरेको कागजबाट रजिष्ट्रेशन पारित नभएसम्म कसैको हक जान पनि सक्दैन र कसैको हक सिर्जना पनि हुन सक्दैन । त्यस्तै आमाको नाममा रहेको जग्गा अन्यथा प्रमाणित नभएसम्म सबै छोरा(अंशियार) ले बराबरी नपाउने पनि भन्न सक्ने अवस्था भएन । विवादित जग्गा हाल प्रतिवादी दुखरन झा को नाममा दर्ता भएको देखिएतापनि एकाअंशियारको नाममा दर्ता हुँदैमा अर्काको अंश हक नजाने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली
इति संवत् २०६६ साल भदौ १ रोज २ शुभम् ।

२.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. २११, जग्गा खिचोला चलन बाटो बन्द, *चन्द्रनारायण लाभ समेत वि. रामचन्द्र ठाकुर*

विवादित कि.नं.१४, १८ समेतको फिल्डबुक उतार हेर्दा कि.नं.१४ र १८ नं. को ०-०-७-२ जग्गाको कैफियत महलमा ज.न.प. वार्ड १ बस्ने दौलतदेवी लोहार्नीले भोगचलन गरी आएको नि.द.नं. १५६ मिति २०४५।७।१९ बाट दौलतदेवी कायम भनी व्यहोरा उल्लेख भएको पाइएबाट वादीकी पत्नी दौलतदेवीले उल्लिखित कि.नं.जग्गाहरू लेखिएबमोजिमको क्षेत्रफल कायम भै नापी भएको कुरा नापी हुँदाकै अवस्थामा थाहा नपाएको भन्न नमिल्ने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल असार १५ गते रोज २ शुभम् ।

३.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर वम,** २०५९ सालको दे.पु.नं. ९०१५, निर्णय दर्ता बदर समेत, *तीर्थ महर्जन समेत वि. श्याम महर्जन समेत*

एकपटक सक्षम अदालतले उही विषयको मुद्दा हेरी प्रमाणको मूल्याङ्कन गरी निर्णय दिई उक्त निर्णय अन्तिम भएको पाइन्छ । सो अन्तिम निर्णय कायम रहेसम्म निर्णयको अन्तिमताको सिद्धान्त (Finailty of the judgment) को आधारमा सोही विषयमा परेको अर्को फिरादमा पुनः मुद्दाको तथ्यभित्र प्रवेश गरी पहिले अन्तिम भइसकेको निर्णयलाई तलमाथि गरी रहने हो भने न्यायमा निश्चितता नरहने अवस्था सिर्जना हुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल भदौ ९ गते रोज ३ शुभम् ।

४.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६४-CR-०१८७, जालसाजी, *दीपराज खत्री के.सी. वि. बसुन्धरा खत्री*

लिखतमा उल्लिखित समुच्चा जग्गाजमिन अंशियारहरूको संख्या एवं छोरा दीपराजलाई दिइएको भनिएको जग्गाको अनुपात विचार गर्दा पनि छोरा दीपराजलाई छोडपत्र गरी दिएको जग्गा जमिन निजले पाउने अंश भाग भन्दा बढी नै देखिन्छ । प्रस्तुत अंश छोडपत्रको कागजमा आमा बसुन्धरा खत्रीको अंश भाग पिताको जिम्मामा राखेको भन्ने उल्लेख भएपनि निज समेतका समान अंशियारको मञ्जूरी नलिई निजहरूको समेत अंश भाग लाग्ने सम्पत्ति छोडपत्रको माध्यमबाट हक हस्तान्तरण भएको देखिँदा मिति २०५७।१।२ को लिखतबाट उक्त लिखतमा मञ्जूरी नदेखिएका अंशियारहरूको हकमा प्रत्यक्ष असर परेको देखिएकोले त्यस्तो लिखत मुलुकी ऐन कीर्ते कागजको महलको ३ नं. बमोजिम जालसाजीबाट भएको मान्नु पर्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल भदौ १० गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६४-CI-०३२२, अंश चलन, *दीपराज खत्री के.सी. वि. बसुन्धरा खत्री* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

५.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०५९ सालको दे.पु.नं. ७४२, अंश चलन, *गणेशमाया सुवाल वि. प्रमोदराज सुवाल समेत*

कि.नं. ४३९को ०-५-२ को घर जग्गा प्रतिवादीमध्येका नगेन्द्रराज सुवालको पत्नी शर्मीला सुवालको नाममा बुद्ध महर्जनबाट मिति २०४९।३।२१ मा हालैदेखिको बकसपत्रबाट प्राप्त हुन आएको र प्रतिवादी नगेन्द्रले विदेश अमेरिकामा रोजगारी गरी गरेको आर्जनबाट घर निर्माण गरेको भनी लिएको जिकीर मिसिल संलग्न विदेश अमेरिकामा रोजगारी गरेका कागजातहरू समेत सोसम्बन्धी तथ्य प्रमाणहरूबाट पुष्टि भएकै देखिँदा उक्त कि.नं.४३९ को ०-५-२ जग्गा र घर प्रतिवादी नगेन्द्रराज सुवाल र निजको पत्नी शर्मीलाको निजी आर्जनबाट प्राप्त गरेको देखिने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल भदौ १० गते रोज ४ शुभम् ।

६.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६१ सालको फौ.पु.नं.३४३४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. देवीलाल खत्री समेत,* २०६१ सालको साधक नं. ३३७, *नेपाल सरकार वि. भक्तबहादुर खत्री*

वारदात हुँदाका अवस्थामा निजको उमेर १९ वर्ष भई कलिलो उमेर देखिन्छ । आफ्ना काका नाता पर्ने मृतक अम्मरबहादुरलाई मार्नपर्नेसम्मको व्यक्तिगत रिसइवी केही देखिँदैन । निजले मृतकलाई मार्नमा नियोजितरुपमा आक्रमण गरेको नभई जीउनी जग्गाको विषयमा घरायसी झगडा हुँदा निजका दाजु र बाबुको साथमा लागि निज पनि सो झगडामा संलग्न भई मृतकलाई लाठीले प्रहार गरेको भन्ने मुद्दाको तथ्यबाट देखिएको छ । यस्तो परिस्थितिमा निज प्रतिवादी पिताम्बर खत्रीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) बमोजिम पूरा सजाय गर्दा चर्को पर्ने भई निजको जीवनको महत्त्वपूर्ण समय कारगारमा वित्न जाने देखिएकोले मुलुकी ऐन अदालती बन्दोबस्तको १८८नं. बमोजिम ५ (पाँच) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल साउन २० रोज ३ शुभम् ।

## इजलास नं.१०

१.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको दे.पु.नं. ६२०, अंश, *गंगाप्रसाद भगत समेत वि. उमेशकुमार भगत*

अंशजस्तो नैसर्गिक कानूनी हकलाई निष्क्रिय वा संकुचित पार्ने गरी भएको कुनै शर्त वा बन्देजले कानूनी मान्यता प्राप्त गर्न सक्दैन । अंशियारहरूले पारस्परिक सहमतिबाट आफूहरूले आफ्नो अंश हक कुनै खास शर्त बन्देजमा रही प्रयोग गर्न सक्दछन् । तर एउटा अंशियारको असहमति हुँदाहुँदै उसको अंश हकलाई सीमित वा संकुचित गर्ने गरी कुनै शर्तबन्देज लगाउन पाइँदैन । त्यस्तो शर्तबन्देज कुनै घरायसी लिखतमा भए पनि त्यसले कानूनी मान्यता प्राप्त गर्न सक्दैन । अंशमा दावी गरेपछि अंश हक जस्तो नैसर्गिक अधिकारलाई कुण्ठित हुने गरी खडा भएको त्यस्ता शर्त वा बन्देज स्वत: बदरभागी हुने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६६ साल भदौ १० गते रोज ४ शुभम् ।

२.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०५९ सालको फौ.वि.नं.९४, अदालतको अपहेलना, *तुइमाया चक्रधर समेत वि. बलराम पौडेल समेत*

कसैको विरुद्ध बदलाको भावनाले प्रेरित भएर वा प्रत्यक्षमा अदालतको अपहेलना भने तापनि परोक्षमा आफ्नो व्यक्तिगत स्वार्थ साधना हुने गरी यसमा कारवाहीको माग गर्नु उचित हुँदैन । अदालत पनि यस्ता परोक्ष प्रयास एवम् निहित उद्देश्यहरू प्रति सधैं सचेत रहनुपर्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल असोज २० रोज ३ शुभम् ।

३.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६५ सालको दे.पु.नं. २६०, जग्गा दर्ता दा.खा.नामसारी समेत, *मुकुन्दकृष्ण श्रेष्ठ वि. ज्ञानबहादुर चक्रधर समेत*

नापीबाट कायम भई फिल्डबुकमा उल्लेख भएको जग्गाबाहेक ४ नं. क्वा लगतभित्रको जग्गा भनी विपक्षीहरूका नाउँमा अन्य जग्गा दर्ता नाउँसारी गर्ने निर्णय नगरी सो जग्गाबाहेक फिल्डबुक र २०४० सालको सर्वोच्च अदालतको फैसला समेत अनुसार गर्ने गरी मालपोत कार्यालयले २०५६।८।२७ मा गरेको निर्णय कानूनसम्मत देखिने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल असोज २० रोज ३ शुभम् ।

४.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको फौ.पु.नं.३११७, भ्रष्टाचार, *सार्जन पाण्डे समेत वि.*

*नेपाल सरकार,* २०६१ सालको फौ.पु.नं.३११८, *शचिन्द्र नाथ शुक्ल वि. नेपाल सरकार*

सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ । By conduct अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ । प्रस्तुत सन्दर्भमा प्रतिवादीहरूको क्रियातत्व हेर्दा मासी खाएको रकम बेरुजू प्रकृतिको नभई आफ्नो जिम्माको रकम मासी खाने दुरुपयोग गर्ने मनसायबाट काम कारवाई भएको देखिन्छ । यस्तो कार्य भ्रष्टाचारजन्य कसूरअन्तर्गत पर्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
इति संवत् २०६६ साल भदौ २ रोज ३ शुभम् ।

५.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०५९ सालको स.फौ.पु.नं.३४९१, कीर्ते जालसाज, *राजेन्द्रप्रसाद सिँह दनुवार वि. कौसल्यादेवी विश्वकर्मा*

प्रतिवादी राजेन्द्रप्रसादले फिराद गर्दा प्रस्तुत गरेको कबुलियतनामा भराई लगायतका कागजातहरूको सक्कल पेश गर्न सकेको देखिएन । कौशल्यादेवीले दिएको भनिएको वारेशनामाको कागज परीक्षण भई आउँदा सो कागजमा भएको सहिछाप र नमूना भिडाउन नसकेको भन्ने रायमा उल्लेख भएको देखिँदा सक्कल प्रस्तुत गर्न नसकेको कबुलियतनामाको कुनै औचित्य नदेखिने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
इति संवत् २०६६ साल भदौ २१ गते रोज शुभम् ।

६.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०५८ सालको फौ.वि.नं. ९६, अदालतको अपहेलना, *रेवतीरमण ढकाल वि. जिल्ला शिक्षा समिति सिन्धुपाल्चोक समेत*

शिक्षा समितिबाट गरिनु पर्ने कार्यहरू हुन नसकी यथास्थितिमा रहेको तथा शिक्षा समितिको अधिकार शिक्षा अधिकारीले प्रचलित कानूनअनुसार ग्रहण गर्न नमिल्ने भएको र शिक्षा तथा खेलकूद मन्त्रालयबाट निर्देशन मात्र प्राप्त भएको तर सम्बन्धित फाइल प्राप्त हुन नआएको कारणबाट निवेदकको पुनरावेदनको कार्वाहीको सम्बन्धमा आवश्यक छलफल र निर्णयमा पुग्न कठिन भएको भनी लिखित जवाफ पेश भएको देखिँदा विपक्षीले यस अदालतबाट भएको आदेशको कार्यान्वयन गर्न इन्कार गरेको वा अटेर गरेको भन्ने देखिन नआउने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
इति संवत् २०६६ साल भदौ २३ गते रोज शुभम् ।

७.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको फौ.पु.नं. ०२९६, भ्रष्टाचार नक्कली प्रमाणपत्र, *बद्रीप्रसाद बराल वि. नेपाल सरकार*

प्रमाणपत्र जारी गर्ने आधिकारीक शैक्षिक र सरकारी निकायबाट दुई पटकसम्म प्रतिवादीको शैक्षिक प्रमाणपत्र झुट्ठा हो भनी लेखिआएको अवस्थामा यी पुनरावेदक प्रतिवादीले व्यक्तिगत रुपमा दिएको निवेदनको आधारमा प्राप्त पत्रलाई आधार मानी आरोपित कसूर गरेका होइनन् भनी मान्न मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय
इति संवत् २०६६ साल असार ५ गते रोज शुभम् ।

८.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०५८ सालको फौ.पु.नं. २७९८, भ्रष्टाचार, *नरेन्द्रबहादुर कुरुङवाङ वि. नेपाल सरकार*

विद्यालयको रकम विद्यालयको काममा प्रयोग नगरी आफूखुसी निजी काममा प्रयोग गरी दुरुपयोग गरेको कारणबाट सार्वजनिक सम्पत्तिको हिनामिना गरेको देखिएको र विद्यालयको आर्थिक स्रोत हिनामिना भएको त्यस्तो कार्य भ्रष्टाचारजन्य कसूर हुँदा प्रतिवादी नरेन्द्रबहादुर कुरुवाङले सफाई पाउनु पर्दछ भनी लिएको पुनरावेदन जिकीर पुग्ने नसक्ने ।

इजलास अधिकृत : दीपक ढकाल
इति संवत् २०६६ साल भदौ ९ रोज ३ शुभम् ।

९.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. १११८, लिखत बदर दर्ता बदर दर्ता, *जगदेव पण्डित वि. बिहारीप्रसाद समेत*

बकसपत्र दिने प्रतिवादी सत्यनारायणले प्र. जगदेवलाई हा.व. गरी दिएको कि.नं. ११७ को ज.वि.०-१-१० समेत आफ्नो निर्विवाद हकभोगको आफूखुश गर्न पाउने एकलौटी जग्गा हो भनी पुष्टि गर्न सकेको देखिँदैन भने अर्कोतिर उक्त जग्गा हा.व. गर्दा एकासगोलका उक्त जग्गाका अंशियार यी वादीहरूलाई साक्षी राखेको वा निजहरूको मञ्जूरी लिएको देखिँदैन । यसबाट विवादित बकसपत्र दिने कार्य कानूनविपरीत देखिन आउने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६५ साल चैत ३ रोज २ शुभम् ।

१०.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ८८८७, खिचोला मेटाई घर खाली चलन, *तुलसी महतो चौहान वि. चानमतीदेवी थारुनी*

विवादित जग्गा वादीकै नाउँमा रजिष्ट्रेशन पारित भएको देखिएको, साविकमा सो जग्गाको नापी दर्ता वादीकै दाताको नाममा भएको र त्यसलाई अन्यथा प्रमाणित गर्ने कुनै प्रमाण कागज पेश भएको नदेखिएको अवस्थामा पुनरावेदन गर्दा लिएका जिकीरहरू प्रमाण मूल्याङ्कनको रोहमा विश्वसनीय र सान्दर्भिक नदेखिने ।

इजलास अधिकृत : कृपासुर कार्की

इति संवत् २०६५ साल चैत ३ रोज २ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन् :

- २०६० सालको दे.पु.नं. ८८८६, लिखत दर्ता बदर, *तुलसी महतो चौहान वि. चानमतीदेवी थारु समेत*
- २०६० सालको फौ.पु.नं. ३३३१, जालसाजी, *तुलसी महतो चौहान वि. चानमतीदेवी थारु समेत*

११.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको फौ.पु.नं. ००३२, लागू औषध, *गोपालप्रसाद पौडेल वि. नेपाल सरकार,* २०६३ सालको फौ.पु.नं.०२५१, *नेपाल सरकार वि. गोपालप्रसाद पौडेल समेत,* २०५५ सालको फौ.पु.नं. ०८४१, *रितेश खतिवडा वि. नेपाल सरकार*

रितेश खतिवडा आफू एक्लैले लागू औषधको ओसार पसार र सञ्चयसमेतको काम गरेको नभई गोपालप्रसाद पौडेलको निर्देशनमा गर्ने गरेको देखिएबाट निज रितेश खतिवडाको भूमिका सहयोगीको रुपमा रहेको देखिन आएको ले प्रमुख भूमिका र सहायक भूमिकामा रहेका यी दुवै प्रतिवादीहरूको कसूरको गम्भीरता (Gravity) लाई समान मान्नु न्यायसंगत नहुने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल बैशाख २३ रोज ४ शुभम् ।

१२.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको फौ.पु.नं. ०२१६, जीउ मास्ने बेच्ने, *दिलीपकुमार गुप्ता समेत वि. नेपाल सरकार*

जाहेरवालीको माइतीतर्फ वा निजको लाग्नेतर्फका कोही कसैको जानकारीवेगर निजलाई भारत नानपारामा लगेबाटै प्रतिवादीहरूको आपराधिक नियत र कार्यको पुष्ट्याई भइरहेबाट प्रतिवादीहरूको कार्य विवाह गराइदिने सम्मको नभई अन्य परिस्थितिजन्य प्रमाणबाट समेत जाहेरवालीलाई यी प्रतिवादीहरूले विक्री गरेको प्रमाणित हुने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल बैशाख २३ रोज ४ शुभम् ।

१३.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको दे.पु.नं. ०५०९,

हालैको बकसपत्र लिखत बदर, *कृष्णबहादुर गुरुङ्ग वि. मनिता गुरुङ्ग समेत*

आमा वा बाबुले वा दुवैले कुनै व्यहोराले छोरा, छोरीको अंशको हक समाप्त वा निष्क्रिय गर्न सक्दैनन् । त्यसो गर्नु न कानूनसम्मत हुन्छ न न्यायको दृष्टिमा न्यायोचित । कुनै पनि प्राविधिक कारणले नाबालकहरूको हक मार्न सक्ने स्थिति आउन दिनु न्यायसंगत हुँदैन ।

कानूनको व्याख्या नावालकको हकहित संरक्षण गर्ने किसिमले गर्नुपर्ने ।

इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय
इति संवत् २०६६ साल असार ३० गते रोज ३ शुभम् ।
यस्तै प्रकृतिका निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन् :

- २०६४ सालको दे.पु.नं. ०५१०, लिखत बदर, *कृष्णबहादुर गुरुङ्ग वि. भीमसेन श्रेष्ठ समेत*
- २०६४ सालको दे.पु.नं.०५०८, लिखत बदर, *कृष्णबहादुर गुरुङ्ग वि. मनिता गुरुङ्ग समेत*

१४.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री रणबहादुर बम,** २०५७ सालको रिट नं. ३१४२, उत्प्रेषण, *गम्भीरी यादव वि. भूमिसुधार कार्यालय धनुषा समेत*

साधारण उपचारको माध्यम पर्याप्त रहे भएको अवस्थामा अन्य वैकल्पिक मार्ग अपनाई यी निवेदक पक्षले उपचारको खोजी गरेको वर्तमान अवस्था समेतलाई मध्यनजर गर्दा प्रस्तुत रिट निवेदनमा निवेदकको मागअनुरूपको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय
इति संवत् २०६६ साल असार २ गते रोज ३ शुभम् ।

- यस्तै प्रकृतिको २०५७ सालको रिट नं. ३१४१, उत्प्रेषण, *गम्भीरी यादव वि. भूमिसुधार कार्यालय धनुषा समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१५.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री रणबहादुर बम,** २०५८ सालको रिट नं. ३३९२, उत्प्रेषण परमादेश समेत, *डम्बरकुमारी सिजापति वि. गृह मन्त्रालय काठमाडौं समेत*

२०१९ सालदेखि हालसम्मको संविधानमा राज्य नागरिकको साम्पत्तिक अधिकारमा संवेदनशील रहेको अवस्था देखिँदा जग्गा आवश्यक पर्ने भए कानूनको उचित प्रक्रिया पुऱ्याई निवेदिकालाई उचीत मुआब्जा वा क्षतिपूर्ति दिई अधिग्रहण गर्नु र आवश्यक नपर्ने भए निजको जग्गा नै फिर्ता दिनु भनी परमादेश जारी हुने ।
इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय
इति संवत् २०६६ साल असार २ गते रोज ३ शुभम् ।

१६.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६२ सालको फौ.पु.नं. ३१४१, भ्रष्टाचार नक्कली प्रमाणपत्र, *राजन श्रेष्ठ वि. नेपाल सरकार*

पुनरावेदक राजनकुमार श्रेष्ठ अनुक्रमाङ्क (Roll No) ७२४०५३ को परीक्षाफलमा "१२८/५०० अनुत्तीर्ण परीक्षाफल c.p. मे रुका हैं" भनी लेखिएकोले पुनरावेदक सो परीक्षामा उत्तीर्ण भएको मान्न मिलेन । यसको अतिरिक्त उक्त लेखिआएको व्यहोरालाई प्रतिवादीले अन्यथा भनी खण्डन गर्न नसकेको अवस्थामा शैक्षिक योग्यताको प्रमाणपत्रको विषयमा उठेको प्रश्नको समाधान गर्ने निकाय नै आधिकारिक हुने ।

सम्बन्धित निकायबाट विवादित प्रमाणपत्र सही होइन भनी लेखी आएको अवस्थामा त्यसलाई अन्यथा मान्नु नपर्ने ।
इजलास अधिकृत : दीपक ढकाल
इति संवत् २०६६ साल भदौ १२ गते रोज ६ शुभम् ।

- यस्तै प्रकृतिको ०६३-WO-११४०, उत्प्रेषण समेत, *राजन श्रेष्ठ वि. मन्त्रिपरिषद् कार्यालय समेत* भएको मुद्दामा यसैअनुसार निर्णय भएको छ ।

१७.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको स.फौ.पु.नं. ३७४, कर्तव्य ज्यान, जवर्जस्ती चोरी, *कर्म लामा वि. नेपाल सरकार*

जाहेरवालाले यिनै प्रतिवादीसमेत भै मृतकलाई कर्तव्य गरी मारेको भनी किटानी साथ अदालतमा बकपत्र गरेको र शव परीक्षण प्रतिवेदन तथा घटनास्थल प्रकृति मुचुल्का समेतबाट मृतक आइती लामाको मृत्यु घाँटी र छातीमा धारिलो हतियार प्रयोग गरी चोट पुऱ्याई कर्तव्यबाट भएको भन्ने तथ्यले यी प्रतिवादीको अधिकार प्राप्त अधिकारीसमक्षको साविती बयानलाई समर्थन गरिरहेको देखिएको यस स्थितिमा साविती अन्यथा प्रमाणित नभएसम्म प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा ग्रहण गर्न मिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : नम्रता बास्तोला
इति संवत् २०६६ साल असार १७ रोज ४ शुभम् ।

१८.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको स.फौ..पु.नं. ८३३, जवर्जस्ती करणी, *ईश्वरलाल माझी वि. नेपाल सरकार*

अनुसन्धान अधिकारीसमक्ष भएको प्रतिवादीको साविती बयानलाई पीडित, जाहेरवाला, पीडितको आमा समेतका अनुसन्धानका क्रममा बुझिएका व्यक्तिहरूले अदालतमा समेत गरेको बकपत्र तथा मेडिकल जाँचको रिपोर्ट समेतबाट पुष्टि समर्थन भैरहेको देखिएको अवस्थामा जवर्जस्ती करणी गरेको ठहर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : नम्रता बास्तोला
इति संवत् २०६६ साल असार १७ रोज ४ शुभम् ।

१९.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको स.वा.फौ.पु.नं. ६४६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सानुमाया तामाङ समेत*

प्रतिवादीहरूले मृतकलाई कुटपीट गरेको भन्ने कतैबाट पुष्ट्याईसम्म नभएको र वारदात समयमा वारदातस्थलमा उपस्थितसम्म रहेको देखिँदा ज्यानसम्बन्धी महलको १७(३) नं. अनुरूप कसूरमासम्म संलग्नता भएको देखिँदा उक्त ऐनको १३(३) आकर्षित हुने नभै सोही ऐनको १७(३) नं. नै आकर्षित हुने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
इति संवत् २०६६ साल असार १७ रोज ४ शुभम् ।

२०.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०५९ सालको फौ.पु.नं. ३०३७, *देवीदास कोइराला वि. अशोककुमार मुरारका,* २०६१ सालको फौ.पु.नं.३८१५, आयकर, *अशोककुमार मुरारका वि. आन्तरिक राजश्व कार्यालय बिराटनगर*

करदाताले पेश गरेको लेखालाई मान्यता दिई सोको आधारमा आयकर निर्धारण गर्दा करदाताले पेश गरेको बिल भरपाईअनुसार समर्थन गरेको सम्पूर्ण खर्चलाई मान्यता दिइने हुनाले मान्यता प्राप्त लेखाको आधारमा कर निर्धारण हुन्छ । त्यस्तो अवस्थामा आयकर ऐन अनुसार करदाताले प्राप्त गर्ने सुविधाहरू पनि प्राप्त गर्न सक्दछ । तर, लेखा अमान्य भएको अवस्थामा करदाताले त्यस्ता सुविधाहरू नपाउने अवस्था हुन्छ । तर त्यसरी लेखा अमान्य भएको भन्ने मात्र आधारमा करदाताले पेश गरेको बिक्री सम्बन्धी विवरण लगायतका विश्वसनीय ठहरिने विवरण वा कारोवारसँग सम्बन्धित कागजातहरूलाई आधार मानी कर निर्धारण गर्न सकिने ।

अन्य करदाताको कर निर्धारणको विषयलाई आधार बनाइएको भन्ने मात्र आधारमा आयकर निर्धारण जस्तो विषयलाई छाडिदिने हो भने त्यसले निर्णयकर्तालाई स्वेच्छाचारी बनाउन र कर निर्धारणसम्बन्धी निर्णयको आधार सँधै नै अस्पष्ट मनोगत र अपारदर्शी बन्न जाने ।

इजलास अधिकृत : उमेश कोइराला
इति संवत् २०६६ साल कात्तिक १० रोज ३ शुभम् ।

२१.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३३९३, आयकर,

*अशोककुमार मुरारका वि. आन्तरिक राजश्व कार्यालय बिराटनगर*

उद्योग व्यापार, पेशा व्यवसायबाट भएको आय निर्धारण गर्दा सो व्यक्तिले आय वर्षभित्र कुनै उद्योग व्यापार पेशा, व्यवसायबाट प्राप्त गरेको सबै किसिमको मुनाफा वा लाभका आधारमा आय निर्धारण गरिने ऐनको दफा ७ को व्यवस्थाबाट करदाताले आफूद्वारा सञ्चालित सबै उद्योग व्यापार, पेशा वा व्यवसायको आय विवरण पेश गर्नुपर्ने । कुनै स्रोतबाट भएको आय पूर्ण वा आंशिक रुपमा दबाएको क्रियालाई पनि झूठा विवरण मानिने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६६ साल कात्तिक १० रोज ३ शुभम् ।

२२.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०५९ सालको दे.पु.नं. ८२९५, बहाल भराई पाऊँ, *शंकर श्रेष्ठ वि. सेती श्रेष्ठ*

घर बहालको कबुलियत वा सम्झौता बिना के कुन आधारमा के कति बहालमा बसेको भन्ने भरपर्दो र विश्वासिलो आधार समेत नहुने र वादीको एकमात्र कथनलाई वस्तुनिष्ट प्रमाणमा ग्रहण गरी बिनाआधार प्रमाण बहाल भराउन समेत नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल असार १८ रोज ५ शुभम् ।

२३.

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ८१२९, लेनदेन, *उर्मीला थापा वि. तारादेवी पौडेल समेत*

कीर्तेतर्फको दावी लिने पक्षले प्रमाणित गराउन र विशेषज्ञले समेत यकीन गर्न नसकेको कुरामा अदालत आफैंले पक्षको स्थान ग्रहण गरी विवादित लिखत लिफामा तयार पारिएको होला भनी अनुमानको भरमा ठहर गर्न नमिल्ने ।

दावीको कपाली तमसुकको लिखत सद्दे साँचो ठहरिएको र फिराद दावीअनुसार साँवा व्याज रकम वादीलाई बुझाइसकेको भन्ने प्रतिवादी जिकीर नहुनुका साथै बुझाइसकेको भन्ने प्रमाण समेत पेश भएको नदेखिँदा उक्त लिखतबमोजिमको साँवा र कानूनबमोजिमको व्याज रकम बादीले प्रतिवादीबाट भरी पाउने ।

इजलास अधिकृत : नारायण सुवेदी

इति संवत् २०६६ साल असोज २० रोज ३ शुभम् ।

२४.

**मा.न्या.श्री रणबहादुर वम र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं.८९४२, जग्गा खिचोला चलन, *तोखन साह तेली वि. हबल्दार साह तेली समेत*

मिलापत्रबाट पुनरावेदक वादीले प्राप्त गरेको कि.नं. २५ मध्ये उत्तरतर्फको ०-०-७ जग्गा र खपडाको छानो भएको घर सो न.नं. १२ देखि बाहेक अन्यत्र छ भनी प्रत्यर्थीले जिकीर लिन नसकेको र न.नं. १२ मा रहेको खपडाको छानो भएको घरमा प्रतिवादीकै भोग रहेको भन्ने नक्सा कैफियतबाट देखिन आएकोले उक्त न.नं. १२ को घर जग्गामा प्रत्यर्थीहरूले खिचोला गरेको देखिने ।

इजलास अधिकृत : नारायण सुवेदी

इति संवत् २०६६ साल असोज २० रोज ३ शुभम् ।

२५.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ WO-००१०, उत्प्रेषण समेत, *सुरेन्द्र सिलवाल वि. आन्तरिक राजस्व कार्यालय भरतपुर समेत*

पुनरावेदन गर्न पाउने कानूनी मार्ग अवलम्बन नगरेको र आन्तरिक राजस्व कार्यालयले गरेको आदेशउपर पुनरावेदन नगरी पुनरावेदन म्याद व्यतीत गरी सो कुरा लोप गरी मौलिक हक हनन् भएको भनी रिट क्षेत्रमा प्रवेश गरेको कार्य असल नियत एवं सफा हात लिई अदालत प्रवेश गरेको नदेखिने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६६ साल असोज २८ रोज ४ शुभम् ।